# खजुरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खजुरा, बाँके
लुम्बिनी प्रदेश

मिति २०७९/०४/२०

**विषय : टोल विकास संस्था गठन सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत टोल विकास संस्था गठन गर्दा खजुरा गाउँपालिकाको टोल विकास संस्था कार्यविधि, २०७५ अनुसार देहायका मापदण्डहरु पालना गर्नुहुन सम्बन्धित सबैलाई जानकारीका लागि अनुरोध छ ,

१. टोल विकास संस्थाको गठन सम्वन्धित वडा अध्यक्ष वा निजले खटाएका वडा सदस्यको उपस्थितीमा गर्नुपर्ने,
२. गाउँपालिकाको बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा घरपरिवारहरुका सदस्यहरुबाट टोल विकास संस्था गठन गरिने छ,
३. टोल विकास संस्था एकै वडाका न्यूनतम ८०(असी) घरधुरी रहेको हुने छ । वडा समितिले आफ्नो वडामा रहने टोलको संख्या र सीमाकंनको निर्णय गरेपछि टोल विकास संस्था गठन हुने छ,
४. पहिलोपटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट टोल विकास समितिको कामलाई व्यवस्थित गर्न अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष र आवश्यक अनुसारको सदस्याहरु रहेको एक टोल विकास कार्यसमिति गठन हुनेछ । व्यापक भेलाले टोल विकास संस्थाको नामाकरण गर्ने छ । तर दोश्रो पटकको हकमा यस्तो कार्यसमिति साधारण सभाको सर्वसम्मतबाट पुर्नवठन हने छ,
५. टोल विकास कार्य समितिको अवधि २ वर्षको हुने छ,
६. एकपटक अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष भएको व्यक्ति तथा उनको आफ्नो घरपरिवारका सदस्य(आमा, बुवा, श्रीमानश्रीमती, छोराछोरी) पुनः अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषध्यक्ष पदमा लगत्तै दुई वर्षको अवधि व्यत्तित नभई नियुक्त हुने छैन । कार्यसमितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक अनिवार्य महिला हुनुपर्ने छ,
७. टोल विकास संस्था गठन गर्दा सकेसम्म सम्पूर्ण घरधुरीहरुलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्दछ । सो सम्भव नभएमा कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिने छ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरु मध्ये कम्तीमा ३३ प्रतिशत महिला हुनु पर्नेछ,
८.टोल विकास संस्थाको व्यवस्थापन ढाँचालाई स्पष्ट पार्न अनुसूचि-१ उल्लेखित नमूना विधानका आधारमा टोल विकास संस्थाको विधान तयार गर्नुपर्ने छ ।

२०७९/०४/२०
नृपराज उपाध्याय
प्रमुख प्रशासकिय अधिकृत